पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ३५ प्रमाणित मिति: २०७७ कार्तिक ०४ गते

## भाग २

# पोखरा महानगरपालिकाको कृषि बजार निर्देशिका – २०७७

**प्रस्तावना**

खाद्यान्न, तरकारी, फलफुल, नगदेवाली, पशुजन्य उत्पादन लगायतका विभिन्न कृषि उपजहरुको माग तथा उत्पादन वृद्धि हुदै आएको छ । उत्पादित कृषि उपजहरुको प्रबर्दन गरि कृषक, व्यापारी बीच सहकार्य तथा साझेदारीमा कृषि बजार स्थापना कार्यक्रम संचालनलाई पारदर्शी, प्रभावकारी बनाइ बजार मुखी कृषि ब्यबसायिकरण गर्नुको साथै उपभोक्ता समेतलाई लाभान्वित गर्न व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न वान्छनीय भएकोले,

पोखरा महानगरको कृषि नीति २०७५, कृषि ब्यबसाय प्रबर्दन ऐन २०७४ को दफा ३६ बमोजिम एवं स्थानीय सरकार संचालन ऐन को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरि पोखरा महानगरपालिका नगर कार्यपालिकाको बैठकबाट पारित गरी लागु गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "कृषि बजार व्यवस्थापन निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका पोखरा महानगरपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "**कृषि बजार**" भन्नाले फलफुल, तरकारी, तेलहन, दलहन, मसलावाली, पुष्प, च्याउ, मह, खाद्यान्न, दुध तथा दुग्ध पदार्थ, माछा, मासु, अण्डा लगायतका वस्तु वा समितिले तोकेको अन्य खाद्य तथा कृषि वस्तु र कृषि उत्पादन सामाग्री समेतको खरिद बिक्रि सम्बन्धी कृयाकलाप गर्न यस निर्देशिका बमोजिम व्यवस्थापन गरिने स्थान सम्झनु पर्दछ ।

(ख) "**कोष**" भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान समेतलाई सम्झनु पर्दछ ।

(ग) "**कृषि वस्तु**'' भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफुल, तरकारी, खाद्यान्न तेलहन, दलहन, मसलावाली, पुष्प, च्याउ, मह, दुध तथा दुग्ध पदार्थ, माछा, मासु, अण्डा, जस्ता ताजा वा नाशवान वस्तु र समितिले तोकेको अन्य खाद्य तथा कृषि उपज र कृषि उत्पादन सामाग्री समेतलाई सम्झनु पर्दछ ।

(घ) "**पशु वस्तु**" भन्नाले जिवित पशुपंक्षी, पशुजन्य उत्पादन पदार्थ सम्झनु पर्दछ । पशु बजार भन्नाले पशु तथा पशुजन्य उत्पादन पदार्थ विक्री वितरण हुने उद्देश्यले संचालित स्थल सम्झनु पर्दछ । यसले पशु हाट बजार, पशु संकलन केन्द्र एवं मासु बजारलाई समेत जनाउँछ ।

(ङ) "**कृषि थोक बजार**" भन्नाले पुनः बिक्री वितरण हुने गरी पाँच के.जी वा सो भन्दा बढी कृषि बस्तुको खरिद बिक्री हुने उद्देश्यले संचालित स्थल संम्झनु पर्दछ ।

(च) "**कृषि उपज संकलन केन्द्र**" भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरिद गरी वा संकलन मात्र  गरि अन्यत्र बजारमा बेच विखन गर्ने उद्देश्यले संचालित स्थल सम्झनु पर्दछ ।

(छ) "**कृषि खुद्रा बजार**" भन्नाले कृषि वस्तु उपभाक्तोहरुका लागि फुटकर रुपमा खरीद बिक्री गर्ने उद्देश्यले संचालित बजार स्थल सम्झनु पर्दछ ।

(ज) "**किसान बजार**" भन्नाले कृषकहरुले उत्पादन गरेको कृषि उपज कृषक स्वयं वा प्रतिनिधिले उपभोक्तालाई बिक्री बितरण गर्ने स्थललाई सम्झनुपर्दछ ।

(झ) "**इ बजार**" भन्नाले इलेक्ट्रोनिक मिडियाको प्रयोग गरि अनलाइन रअफलाइन मार्फत छिटो, छरितो र गुणस्तरीय सेवा प्रदान गर्ने गरि विधिवत रुपमा दर्ता भएको संस्था भन्ने बुझ्नुपर्दछ ।

(ञ) "**महाशाखा**'' भन्नाले पोखरा महानगरमा रहेका कृषि महाशाखा भन्ने सम्झनुपर्दछ ।

(ट) "**अध्यक्ष**" भन्नाले कृषि उपज बजार संचालक समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ठ) "**सदस्य**" भन्नाले कृषि उपज बजार संचालक समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

(ड) "**सेवा शुल्क**'' भन्नाले बजारमा उपलब्ध गराईएको सेवा वा सुविधा वापत समितिलाई प्राप्त हुने स्टल भाडा बाहेकको इजाजत शुल्क, प्रवेश

शुल्क सम्झनु पर्दछ ।

(ढ) "**बजार व्यवस्थापक**" भन्नाले यस निर्देशिका बमोजिम तोकिएको बजार व्यवस्थापक लाई सम्झनु पर्दछ ।

(ण) "**निर्देशन समिति**" भन्नाले नियम २८ अनुसार गठित समितिलाई सम्झनुपर्दछ ।

(त) "**संचालक समिति**" नियम ३ अनुसार गठित समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद–२
## समितिको गठन, काम कर्तव्य र अधिकार

३. **कृषि बजार व्यवस्थापन समिति गठन** :

(१) कृषि थोक बजार, संकलन केन्द्र, किसान बजार र खुद्रा बजारको संचालन एवं व्यवस्थापन गर्न देहाय बमोजिम कृषि बजार व्यवस्थापन समिति गठन हुनेछ ।

(क) बजार स्थल रहेको वडाको प्रतिनिधि- सदस्य

(ख) पोखरा महानगरपालिकाको कृषि/पशु सेवा प्रविधिक मध्येबाट १ जना- सदस्य

(ग) बजारको मुख्य प्रभाव क्षेत्रभित्रको सकृय समुह, सहकारी, कृषक संजाल मध्येबाट छनौट भएको १ जना महिला सहित ३ जना प्रतिनिधि- सदस्य

(घ) खुद्रा बजार र संकलन केन्द्रमा इजाजत लिई नियमित कारोवार गर्ने १ जना महिला सहित २ जना व्यापारी प्रतिनिधि- सदस्य

(ङ) उपभोक्ताको संस्थागत निकाय मध्येबाट सिफारिस भइ आएको १ जना- सदस्य

(च) बजार व्यवस्थापक- सदस्य सचिव

(२) उपनियम (१) को समितिका सदस्यहरु कृषक प्रतिनिधि र व्यवसायी प्रतिनिधिको चयन सर्वसम्मति वा उपस्थित भएमध्येबाट बहुमतिय प्रणालीबाट गरिनेछ ।

(३) उपनियम (१) को समितिका अध्यक्षको निर्वाचन उपनियम (१) बमोजिमको सदस्यहरु मध्येबाट सर्वसम्मतिबाट गरिनेछ, सर्वसम्मती

हुन नसकेमा कृषक, व्यापारी र सदस्य हरु मध्ये बाट बहुमतिय प्रणालीबाट गरिनेछ ।

(४) उपनियम (१) बमोजिमको अध्यक्ष पदको निर्वाचनमा व्यवस्थापक, सदस्य सचिव, जनप्रतिनिधि तथा कृषि, पशु सेवा प्राविधिक बाहेकको सदस्यलाई मात्र मताधिकार हुनेछ ।

(५) खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले आफ्नै श्रोतबाट बजार व्यवस्थापक नियुक्ति नभए सम्मको लागि पोखरा महानगरपालिकाले व्यवस्थापन गर्न सक्नेछ ।

(६) सहकारी, गैर–सरकारी संस्था तथा निजी क्षेत्रको छाता संगठन उद्योग बाणिज्य संघ जस्ता संगठित संस्थाद्धारा संचालित बजारको संचालक समितिमा सम्बन्धित संस्थाको तर्फबाट क्षमताबान र क्रियाशिल सदस्यमध्ये बाट छनौट गरी ३ जना ब्यबसायी र सोही संस्था वा लाभान्वित क्षेत्रबाट ३ जना कृषि उत्पादनमा संलग्न सहित ६ जना ब्यबसायी (कम्तिमा २ जना महिला), उपभोक्ताको संस्थागत निकाय मध्येबाट सिफारिस भइ आएको १ जना, सम्बन्धित वडाको प्रतिनिधि १ जना र पोखरा महानगरको कृषि महाशाखाबाट १ जना गरी ९ जनाको समिति गठन गर्नुपर्नेछ ।

(७) ब्याक्तिगत फर्म वा कम्पनी सँग साझेदारीमा संचालित बजारको हकमा फर्म वा कम्पनीले तोकेको १ जना अध्यक्ष कम्तीमा १ जना महिला सहित सहित ३ जना, लाभान्वित कृषक प्रतिनिधि ३ जना, पोखरा महानगरको कृषि वा पशु सेवा शाखाबाट १ जना, उपभोक्ताको संस्थागत निकायबाट १ जना र बजार संचालन हुने वडाका वडा प्रतिनिधि १ जना समेत गरी जम्मा ९ सदस्यीय ब्यवस्थापन समिति गठन हुनेछ। संकलन केन्द्रको लागि उपभोक्ताको संस्थागत सहभागिता अनिवार्य हुनुपर्ने छैन,

(८) समितिको म्याद समाप्त हुनु भन्दा कम्तिमा १५ दिन अगावै निर्वाचन हुनु पर्नेछ। सो अवधिमा निर्वाचन हुन नसकेमा पोखरा महानगरपालिका विद्यमान समितिले नै कार्य गर्ने गरी बढीमा ६ महिनाको म्याद थप गर्न सक्नेछ । यसरी व्यवस्था गरिएको समितिद्वारा भए, गरेका काम कारवाहीलाई निर्वाचित समितिले गरे सरहको मान्यता प्राप्त हुनेछ ।

(९) सदस्यहरुको पदावधि : (१) सदस्यहरुको पदावधि अध्यक्ष निर्वाचित भएको मितिले ३ वर्षको हुनेछ,

(२) उपनियम (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका लागु भएपछि अध्यक्ष पदमा एकै व्यक्ति लगातार दुई पदावधि भन्दा बढी हुन सक्ने छैन ।

(३) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

४. **समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–**

(क) बजारको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागु गर्ने,

(ख) बजार संचालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवा शर्त र सुविधा यकिन गरी स्वीकृतिका लागि बजार निर्देशन समितिमा पेश गर्ने,

(ग) सरोकारवाला समक्ष कृषि बजारको सम्बन्धमा आवश्यक सुचना सम्प्रेषण गर्ने,

(घ) बजारको विकास, विस्तार र बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने,

(ङ) कृषि उत्पादक, व्यापारी, उपभोक्ता,संघ, संस्था तथा अन्य सम्बन्धित निकायलाई बजार सेवा, सुविधा उपलब्ध गराउने,

(च) कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने,

(छ) बजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने,

(ज) बजार स्थलभित्रको फोहोर व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने,

(झ) वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहेर कार्यक्रम संचालन गर्ने,

(ञ) गुणस्तरहीन, अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने उपज/वस्तु खरिद– बिक्री गर्न नपाइने व्यवस्था मिलाउने,

(ट) प्रमाणिक नापतौल प्रणाली तथा आधिकारीक निकायबाट प्रमाणित

स्वीकृत नाप तौल विपरित कार्य गरेको पाइएमा सामग्री/उपकरण जफत गरी कारवाही गर्ने,

(ठ) रोगी पशुपंक्षी एवं पशुजन्य पदार्थ बिक्री वितरण गर्न नपाइने व्यवस्था मिलाउने,

(ड) उचित स्थानमा बध गरी उचित चिस्यान कायम गरी भण्डारण तथा ढुवानी गरेको माछा, मासु मात्र बिक्री गर्न आवश्यक व्यवस्था मिलाउने,

५. **सल्लाहकार समितिको गठन :**

नियम ३ को उपनियम (१) बमोजिमको समितिलाई आवश्यकता अनुसार सहयोग एवं सल्लाह दिन समितिले ३ जना सदस्य रहेको एक सल्लाहकार समिति गठन गर्न सक्ने छ ।

६. **सदस्यको योग्यता :**

यस निर्देशिका बमोजिम गठन हुने संचालक समितिको सदस्य हुनको लागि देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछ–

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पुगेको,

(ग) बजार स्थलको कार्यक्षेत्रभित्र बसोबास गरेको

(घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको वा कुनै अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पुरा भएको हुनु पर्ने ।

(ङ) मगज नबिग्रेको,

(च) कृषि उपज बजारको कोष वा सार्वजनिक सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको ।

७. **पद रिक्त हुने :**

देहायको अवस्थामा समितिको सदस्यको पद रिक्त हुनेछ :–

(क) कुनै सदस्यको मृत्यु भएमा ।

(ख) अन्यत्र बसाई सरी गएमा ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा समितिबाट स्वीकृत भएमा समितिका सदस्य तथा सदस्य–सचिवले आफ्नो पदबाट राजिनामा दिँदा अध्यक्ष समक्ष, तथा अध्यक्षले राजिनामा गर्दा समिति समक्ष पेश गर्नेछन् । यसरी पेश हुन आएको राजीनामा समितिको बहुमत सदस्यको निर्णयद्धारा स्वीकृत वा अस्वीकृत गर्न सकिनेछ ।

(घ) कुनै सदस्यको योग्यता नियम ६ बमोजिमको नरहेको प्रमाणित भई वा नियम ३० बमोजिम कारवाही भई बजार व्यवस्थापन नियमन समितिद्धारा निजलाई पदबाट हटाइएमा ।

(ङ) कुनै सदस्य विरुद्ध समितिका कम्तिमा पनि दुई तिहाई सदस्यको निर्णयद्धारा उचित र पर्याप्त कारण सहित पदबाट हटाउन गरिएको लिखित उजुरी जायज भएको सम्बन्धित निकायको रायको आधारमा सो सदस्यलाई बजार व्यवस्थापन नियमन समितिद्वारा पदमुक्त गरिएमा ।

८. नियम ७ बमोजिम कुनै सदस्यको पद रिक्त भएमा सो को जानकारी समितिले तुरुन्त पोखरा महानगरपालिकामा जानकारी दिनुपर्नेछ ।

उपरोक्त जुनसुकै कारणबाट रिक्त हुन आएको कुनै सदस्यको पदमा निजको बाँकी पदावधि सम्मको लागि जुन प्रकृयाबाट पदपुर्ति भएको हो सोही प्रकृयाको आधारमा पदपुर्ति गरिनेछ ।

९. **समितिको बैठक र निर्णय :**

(१) समितिको नियमित बैठक प्रत्येक महिनामा एकपटक अध्यक्षले तोकेको मिति र समयमा समितिको कार्यालयमा बस्नेछ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा बैठकमा उपस्थितसदस्यहरु मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

(३) समितिमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(४) बैठकको निर्णय अध्यक्ष र सदस्य–सचिवले प्रमाणित गर्नुपर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **गणपुरक संख्या :**

समितिको कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

११. **उप–समितिको गठन गर्न सक्ने :**

समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन समितिका कुनै सदस्यको संयोजकत्वमा उप–समिति गठन गर्न सक्ने छ र त्यस्तो उप–समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **समितिको कार्यालय :**

समितिको कार्यालय सम्बन्धित कृषि/पशु बजार परिसर भित्र रहनेछ ।

## परिच्छेद–३

## कृषि बजार दर्ता, अनुगमन र नविकरण

१३. **दर्ता सम्बन्धी व्यवस्था** : (१) यस निर्देशिका बमोजिम विधिवत् गठन भएको कृषि बजार व्यवस्थापन समिति गठन भएको ६० (साठी) दिनभित्र समिति गठनको निर्णय प्रतिलिप सहित पोखरा महानगरपालिका कार्यलयमा दर्ता गराउनु पर्नेछ । अन्य कृषि उपज रकिसान बजार, संकलन केन्द्र को कृषि महाशाखामा दर्ता गर्ने र खुद्रा बजारर बिक्रि केन्द्र को हकमा सम्बंधित वार्ड कार्यालयमा ब्यबसाय दर्ता गराउनुपर्नेछ ।

(२) बजार समिति दर्ता गर्दा देहायका मापदण्ड एवं प्रकृया पुरा भएको हुनु पर्ने छ ।

(क) बजार स्थापनका लागि आवश्यक जग्गाको व्यवस्था हुनुपर्ने ।

(ख) कारोवारको अवस्था

(ग) बाटोको सुविधा

(घ) अन्य बजारहरुको सामिप्यता

(ङ) कृषि उपजको उत्पादनको अवस्था

१४. **नवीकरण सम्बन्धि व्यवस्था** : समितिले प्रत्येक बर्षमा संस्था दर्ता नविकरण गराउनु पर्नेछ । नविकरणको आवेदन साथ उक्त अवधिको समितिको लेखा परिक्षण प्रतिवदन र वस्तु अनुसारको कारोवार (परिमाण र रकम) समेत संलग्न राखि पेश गर्नु पर्नेछ । समिति दर्ता गर्ने निकायबाट नै नविकरण गरिनेछ ।

१५. बजारमा पुर्वाधार विकासका लागि सरकारी तथा गैह्र सरकारी लगानी प्राप्त गर्न देहायका मापदण्ड एवं प्रकृया पुरा भएको हुनु पर्नेछ ।

(क) बजारको स्थापना वा पुर्वाधार विकास गर्न प्रविधिक रुपमा सम्भाव्य हुनुपर्ने ।

(ख) बजार केन्द्रले चर्चेको/चर्चिने जग्गाको स्वामित्व सार्वजनिक, संस्थागत वा करारमा रहेको हुनु पर्नेछ । कृषि बजारको स्थापनाको

लागि आवश्यक जग्गा व्यवस्थापन गरिदिने पोखरा महानगरपालिकाको आवश्यकतानुसारको सहयोग हुनेछ ।

(ग) बजार केन्द्रले चर्चेको/चर्चिने जग्गाको स्वामित्व, साँध सिमाना र भोगचलन पुर्णत : विवाद रहित तथा कुनै प्रकारको अतिक्रमण वा खिचलो नभएको हुनुपर्ने ।

(घ) प्रस्तावक निकाय/लाभग्राहिद्धारा बजारको संचालन, बजारबाट हुने आम्दानी खर्चको बाँडफाँड र वितरण तथा अन्य आर्थिक एवं व्यवस्थापकीय जिम्मेवारी र दायित्वहरुको बहनका साथै निर्देशिकाको पुर्ण रुपमा परिपालना गर्ने व्यहोराको मन्जुरीनामा पेश गरेको हुनुपर्नेछ ।

१६. **अनुगमन सम्बन्धी व्यवस्था :** पोखरा महानगरपालिका र यस अन्तर्गतका सम्बन्धित कार्यालयबाट समितिको काम कारवाही तथा बजार कारोवार जुन सुकै बेला पनि निरिक्षण गर्नेछ र माग गरे अनुसारको विवरण तथा कागजात उपलब्ध गराउनु समितिको कर्तव्य हुनेछ । अनुगमन कर्ताले नियमित रुपमा बजारको अनुगमन गरी समस्या समाधान गर्नुपर्नेछ समस्या समाधान हुन नसकेको बिषयमा बिकल्प सहित बजार व्यवस्थापन नियमन समिति समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद–४
## समितिको आर्थिक व्यवस्था

१७. **समितिको कोष :** (१) समितिको एउटा छुटै कोष हुनेछ । समितिको कोषमा देहायका रकमहरु रहने छन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छ ।

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट समितिलाई प्राप्त रकम,

(ख) सेवा, सुविधाबाट प्राप्त शुल्क र रकम,

(ग) विभिन्न व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी सरकार/अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य नियमित स्रोतबाट प्राप्त रकम,

(२) समितिलाई प्राप्त रकम नेपाल राष्ट्र बैकबाट बैकिगं कारोवार गर्न

मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गर्नु पुर्नेछ ।
(३) विदेशी सरकार/अन्तराष्ट्रिय संघ संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा पोखरा महानगरको स्वीकृति लिनु पर्नेछ ।
(४) समितिको खाता संचालन समितिको अध्यक्ष र बजार व्यवस्थापक (सदस्य–सचिव) को संयुक्त दस्तखतबाट हुनेछ ।

१८. **आर्थिक प्रशासन** : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारबाट स्वीकृत ढाँचामा राखिने छ ।
(२) समितिको लेखा परीक्षण आर्थिक कारोवारको आधारमा चार्टर्ड एकाउण्टेन्ट वा रजिष्टर्ड लेखापरीक्षकबाट आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र गराउनु पर्नेछ ।
(३) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक आय व्यय विवरण सहितको प्रतिवेदन पोखरा महानगरपालिकामा बुझाउनुपर्ने छ ।
(४) समितिले आय व्ययको विवरण प्रत्येक महिनामा सुचना पाटीमा सुचना टाँस गरी सार्वजनिक गर्नुपर्ने छ ।
(५) समितिले आर्थिक कार्य गर्दा/गराउँदा नेपाल सरकार, प्रदेश सरकार, पोखरा महानगरपालिकाको प्रचलित ऐन, नियम र आर्थिक कार्यविधिको अधिनमा रही समितिको स्वीकृत “आर्थिक प्रशासन कार्यविधि” बमोजिम गर्नु गराउनु पर्नेछ ।
(६) समितिको सम्पुर्ण आर्थिक कारोवार र खर्चको विवरण समितिको नियमित बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

१९. **कृषि उपज बजार स्थलको वर्गीकरण र कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्था** :
कृषि उपजबजार स्थलको कुल वार्षिक आयको आधारमा देहाय बमोजिमको वर्गीकरण गरिनेछ ।
(१) वार्षिक रु ५० लाख भन्दा बढी आय हुने बजार स्थल, “क” वर्ग ।
(२) वार्षिक रु २० लाख देखि रु ५० लाखसम्म आय हुने बजार स्थल, “ख” वर्ग ।
(३) वार्षिक रु २० लाखसम्म आय हुने बजार स्थल, “ग” वर्ग ।

२०. **बजारको खर्च व्यवस्थापन** : बजारको खर्च व्यवस्थापन देहाय बमोजिम गरिने छ ।
(१) “क” वर्गका बजारले कुल आयको ७० प्रतिशत रकम नियमित

बजार संचालन गर्न (कर्मचारी तलब, भत्ता, बैठक भत्ता, बिजुली, पानी टेलीफोन, सरसफाई, सुरक्षा तथा अन्य भैपरी खर्च आदी) तथामर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने भाडा रकम व्यहोर्ने र ३० प्रतिशत रकम स्थायी निर्माण भौतिक संरचना कार्य गर्न छुट्याउने ।

(२) “ख” वर्गका बजारले कुल आयको ८० प्रतिशत रकम नियमित बजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने भाडा रकममा व्यहोर्ने र २० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्याउने ।

(३) “ग” वर्गका बजारले कुल आयको ९० प्रतिशत रकम नियमित बजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने भाडा रकममा व्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्याउने ।

## परिच्छेद–५
## कर्मचारी सम्बन्धी व्यवस्था

२२. **दरवन्दी स्वीकृत गर्ने** : समिति अन्तर्गत आवश्यक पर्ने कर्मचारीको दरबन्दी बजार व्यवस्थापन नियमन समितिले स्वीकृत गर्ने छ सोको जानकारी पोखरा महानगरपालिकालाई गराउनु पर्नेछ ।

२३. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) समितिको कार्य संचालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमताको आधारमा बजार व्यवस्थापन समितिद्धारा स्वीकृत दरबन्दीको आधारमा कर्मचारी व्यवस्था गर्न सक्नेछ ।

(२) यस निर्देशिका बमोजिम समितिको लागि आवश्यक कर्मचारी पदपुर्ति गर्न देहाय बमोजिमको “पदपुर्ति उप–समिति” रहनेछ ।

(क) सम्बन्धित समितिका अध्यक्षले तोकेको सदस्य- अध्यक्ष

(ख) पोखरा महानगरपालिकाको प्रतिनिधि- सदस्य

(ग) बजार व्यवस्थापक- सदस्य

(३) समितिको कर्मचारीहरुको परिचालन र आर्थिक लगायतका सेवा सम्बन्धी सुविधाहरुको पुर्ण दायित्व समितिमा हुनेछ ।

२४. **व्यवस्थापकको नियुक्ति** : (१) समितिले बजार व्यवस्थापकको नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धाको आधारमा गर्नेछ ।

२५. **व्यवस्थापक योग्यता** : व्यवस्थापक पदको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(१) नेपाली नागरिक,

(२) २१ वर्ष पुरा भएको

(३) कृषि अर्थशास्त्र वा अर्थशास्त्र वा व्यवस्थापन वा विकास प्रशासन विषयमा स्नातक गरेको,

तर खुद्रा बजार, किसान बजार तथा संकलन केन्द्रको हकमा कम्तिमा १२ कक्षा उतिर्ण भएको हुनुपर्नेछ,

(४) कानुन बमोजिम कुनै पनि किसिमको सजाय नपाएको भनि स्वघोषण गरेको हुनुपर्ने,

२६. **काम कर्तव्य र अधिकार** : व्यवस्थापकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आफु मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) बजार व्यवस्थाको लागि आवश्यक वार्षिक अल्पकालिन तथा दीर्घकालीन योजना तर्जुमा गरीसमिति समक्ष पेश गर्ने ।

(घ) कृषि बजार विकास संग सम्बन्धीत विभिन्न निकायहरु संग समन्वय राखि कार्य गर्ने ।

(ङ) आर्थिक उत्तरदायीको रुपमा काम गर्ने ।

(च) समितिले तोकेको अन्य कार्यहरु गर्ने/गराउने ।

(छ) समितको बैठकमा सदस्य सचिव भइ काम गर्ने ।

## परिच्छेद – ६
## स्टल वा स्थान वितरण सम्बन्धी व्यवस्था

२७. **स्टल वा स्थान वितरण सम्बन्धी व्यवस्था** : बजार स्थलबाट उपलब्ध गराइने स्टल, स्थान आदिको भाडा निर्धारण गर्दा देहायका आधार र प्रकृया अपनाइनेछ ।

(१) भाडा निर्धारणको आधार :

क) बजार स्थापना र पुर्वाधार विकासमा भएको लगानी,

ख) बजारको संचालन, व्यवस्थापन खर्च,

ग) भौतिक संरचना, उपकरण र सुविधाहरुको मर्मत संभार तथा बिमा खर्च,

घ) बजारमा थप पुर्वाधार विकास एवं सुविधा विस्तारका लागि आवश्यक पर्ने लगानी,

ङ) जनशक्ति विकास तथा उत्प्रेरणा खर्च,

च) आकस्मिक आर्थिक दायित्व तथा जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने रकम,

(२) भाडा निर्धारणको प्रकृया :

क) समितिले भाडामा उपलब्ध गराउने स्टल, स्थान आदिको वर्गिकरण गर्ने,

ख) भाडा निर्धारणको आधार बमोजिको खर्च अनुमान तथा बजार क्षेत्र वरिपरि प्रचलित भाडादर

समेतलाई मध्यनजर गरी आवधिक भाडा बृद्धिदर समेतको प्रस्ताव तयार गर्ने,

ग) समितिले भाडा निर्धारण सम्बन्धी प्रस्ताव तयार गरेपछि पोखरा महानगरपालिकाबाट स्वीकृत गर्नेछ । तर उक्त भाडादर बजार क्षेत्र आसपास प्रचलित समान प्रकारको स्टल, स्थानको औसत भाडादर भन्दा बढी हुने छैन ।

घ) कृषक, कृषि संजाल, कृषक सहकारी तथा कृषक समुहमा आबद्ध कृषकहरुद्वारा संचालन गरिने स्टलहरुको भाडादर अन्य तोकिएको भाडा दर भन्दा २० प्रतिशतसम्म सस्तो हुनुपर्नेछ । महिलाहरु द्वारा संचालित स्टलहरुमा लाग्ने भाडादरमा २० प्रतिशत सम्म छुट दिनुपर्नेछ ।

३) समितिले कुल स्टल टहरा वा कोठा वा स्थानहरु मध्ये २० प्रतिशत कृषि संजाल, कृषि सहकारी संस्था र कृषक समुहको लागि छुट्याउनु पर्नेछ, सो को लागि पोखरा महानगरपालिका कृषि महाशाखाको सिफारिस पेश गर्नुपर्नेछ ।

४) स्टल सम्बन्धी सम्झौता भएपछि समितिबाट निर्धारण गरिएको शुल्क दुई दुई बर्षमा समय सापेक्ष पुनरावलोकन गरिनेछ ।

५) समितिसँग सम्झौता गर्दा समितिले तोके बमोजिमको रकम धरौटी लिई स्टल वा स्थान उपलब्ध गराउनु पर्नेछ ।

६) समितिले गोप्य सिलबन्दीको माध्यमबाट व्यवसाय दर्ता गरेको व्यक्ति वा फर्मलाई दरखास्त आवहान गरी शुरुमा एक पटकमा बढीमा ३ वर्षसम्मको लागि स्टल वा स्थान उपलब्ध गराउन सक्ने छ । सो पश्चात  प्रत्येक ३, ३ बर्षमा सिलबन्दीको माध्यमबाट दरखास्त आवहान गरी स्टल छनौट गरिनेछ ।

७) एक परिवारलाई एक वटा मात्र स्टल वा स्थान उपलब्ध गराईने छ । उपलब्ध गराईएको स्टल वा स्थान कसैलाई भाडामा लगाईएको वा अन्य प्रयोजनमा प्रयोग भएको पाइएमा समितिले एकतर्फी सम्झौता रद्द गरि स्टल भाडामा लिदां राखेको धरौटी जफत गर्ने छ र सोको सुचना सम्बन्धीत पक्षलाई दिने छ ।

## परिच्छेद–७
## नीतिगत र प्रविधिक नियमन सम्बन्धि व्यवस्था

२८. **कृषि बजार निर्देशन समिति** : (१) कृषि बजार सम्बन्धी नीति निर्देशन एवं समन्वय गर्ने निम्नानुसारको निर्देशन समिति हुनेछ :–

(क) पोखरा महानगरपालिका प्रमुख- अध्यक्ष

(ख) प्रमुख प्रशाशकीय अधिकृत- सदस्य

(ग) बजार क्षेत्र हेर्ने वडा अध्यक्ष-  सदस्य

(घ) उधोग बाणिज्य संघ अध्यक्ष- सदस्य

(ङ) योजना महाशाखा प्रमुख-  सदस्य

(च) कृषि बजार प्रतिनिधि-  सदस्य

(छ) उपभोक्ता हक हित संरक्षण अध्यक्ष-  सदस्य

(ज) कृषि महाशाखा प्रमुख- सदस्य सचिव

२. समितिले आफ्नो बैठकमा बढीमा २ ( दुई ) जना सम्बन्धित बिषय

बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

२९. **कृषि बजार निर्देशन समितिको काम कर्तव्य र अधिकार :**

क) बजार व्यवस्थापन समिति तथा अनुगमन कर्ताले गर्न नसकेका समस्याहरु समाधान गर्ने ।

ख) अन्तरनिकाय सँग सम्बन्धित विषयको बारेमा समन्वय गर्ने ।

ग) नीतिगत विषयमा मातहतका समितिहरुलाई आवश्यकता अनुसार निर्देशन दिने ।

घ) कृषि बजारहरुको प्राविधिक व्यवस्थापन तथा नियमन गर्ने ।

ङ) बजार संचालन सम्बन्धमा विवाद आएमा आवश्यक निर्देशन दिने ।

च) सबै प्रकारका बजारहरुको लागि आवश्यक पर्ने कर्मचारी प्रशासन तथा आर्थिक प्रशासन बिनियमावली स्वीकृत गर्ने ।

## परिच्छेद–८
## विविध

३०. **पदाधिकारी तथा सदस्यलाई निलम्वन गर्न सकिने** : पदाधिकारी तथा सदस्यले देहायको कसुर गरेमा निजहरुलाई व्यवस्थापन समितिले तीन महिनासम्म निलम्वनमा राख्न सक्नेछ ।

(क) आर्थिक अनियमितता गरेमा,

(ख) निर्देशिकाको बर्खिलाप हुने गरी कार्य गरेमा

(ग) शान्ति सुरक्षामा खलल गर्न कार्य गरेमा ।

३१. **समितिलाई भंग गर्नसक्ने** : (१) देहायको अवस्थामा बजार व्यवस्थापन निर्देशन समितिले नियम ३ बमोजिम गठित समिति भंग गरी अर्को व्यवस्था गर्न सक्नेछ ।

(क) समितिमा रहेका पदाधिकारी निस्कृय रही निर्वाचित वा मनोनयन भएको ३ महिनासम्म एउटा पनि बैठक बस्न नसकेमा,

(ख) समितिलाई दिएको निर्देशन पालना नगरेमा,

(ग) समितिको हित विपरित हुने कार्य गरेमा वा आर्थिक अनियमितता गरेको पाईएमा ।

(२) उपनियम (१) बमोजिम समिति भंग गर्नु अगावै समितिका सबै

पदाधिकारी तथा सदस्यलाई सफाईको मौका दिनु पर्नेछ ।

३२. **कृषि बजार संचालन सम्बन्धी बिशेष व्यवस्था** : नियम ३१ बमोजिम समिति भंग भएमा समिति गठन सम्बन्धी व्यवस्था नभएसम्मको लागि बजार व्यवस्थापन निर्देशन समितिले अर्को व्यवस्था गर्न सक्नेछ ।

३३. **बरबुझारथ** : निवर्तमान समितिले नवगठित समितिलाई आफ्नो जिम्माको सम्पुर्ण नगदी, जिन्सी, आय व्यय विवरण तथा कागजात १५ दिनभित्र बुझाउनु पर्नेछ र सोको जानकारी पोखरामहानगरपालिकालाई दिनु पर्नेछ ।

३४. **बजारको स्वामित्व** : कुनै कारणवश बजार संचालन हुन नसकी भंग भएमा सो बजार भाडामा निर्माण भएको भए जग्गा बाहेकको स्वामित्व तथा सरकारी तथा सार्वजनिक जग्गामा निर्माण भएको भए सो को स्वामित्व पोखरा महानगरपालिकामा रहनेछ । व्याक्ति, फर्म तथा संगठित संस्थाले संचालन गरेका भएमा लगानीको आधारमा स्वामित्व रहनेछ ।

३५. **बीमा सम्बन्धी व्यवस्था** : बजारहरुको स्थायी भौतिक संरचना, मेशिन–उपकरण एवं सवारी साधनहरुको बीमा,व्यवस्थापन समितिले गराउनु पर्नेछ ।

३६. **सुविधा सम्बन्धी व्यवस्था** : समितिका पदाधिकारी एवं कर्मचारीले समितिको कामको सिलसिलामा वा नेपाल सरकारको कुनै कार्यक्रममा सहभागी हुँदा निजहरुलाई प्रदान गरिने भ्रमण खर्च लगायतका सुविधाहरुको हकमा समितिको आर्थिक विनियमावलीमा तोकिए बमोजिम हुनेछ । कर्मचारी बाहेक समितिका पदाधिकारीहरुलाई तलब भत्ताको सुविधा हुने छैन ।

३७. **लाभांश वितरण** : बजारको स्थापना वा संचालनमा संलग्न जग्गादाता, स्थानिय साझेदार वा सहयोगी निकाय/संघसंस्थालाई त्यस्तो साझेदारी वा सहयोग वापत लाभांश प्रदान गर्नुपर्ने अवस्थामा निजहरुको लगानीको आधारमा समितिले खुद मुनाफाको ५० प्रतिशत भन्दा बढी नहुने गरी उपलब्ध गराउन सक्नेछ । सो भन्दा बढी मुनाफा वितरण गर्नु पर्ने भएमा पोखरा महानगरको स्वीकृति लिनु पर्नेछ ।

३८. **स्थान, समय तोक्न सक्ने** : महानगरपालिका वा वडा कार्यलयले सर्वसाधारणको सुविधा, सर–सफाई तथा पार्किंग, ट्राफिक व्यवस्थापन समेतको कार्यलाई दृष्टिगत गरी कृषि उपजहरुको खरिद बिक्री कार्यको

लागि यस निर्देशिकाको प्रतिकुल नहुने गरी निश्चित स्थान, समय र प्रकृया तोक्न सक्नेछ ।

३९. **व्यवसायीले पालन गर्नुपर्ने आचरण** : बजार स्थलमा व्यवसाय गर्न चाहने व्यवसायीले देहायका आचरण पालना गर्नुपर्नेछ ।

(क) इजाजत प्राप्त व्यवसायीले प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पुर्ण करहरु तिरी नविकरण गर्दाको समयमा कर चुक्ताको प्रमाण पत्र समेत पेश गर्नुपर्ने छ ।

(ख) बजार व्यवस्थापन समितिलाई आफुले प्रयोग गरेको सुविधा वापत बुझाउनु पर्ने भाडा वा अन्य शुल्क बुझाउदा व्यवस्थापन समितिको खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्ने छ ।

(ग) इजाजत प्राप्त व्यक्ति आफैंले परिचयपत्र फोटो सहित देखिने गरी व्यापार गर्नुपर्नेछ ।

(घ ) स्थानीय उत्पादन भएको अवस्थामा सोही बस्तुलाई प्राथमिकताका साथ बजारिकरण गर्नुपर्नेछ ।

(ङ) व्यवसायिले आफुले गरेको कारोबारको मासिक विवरण समितिले तोकेबमोजिम उपलब्ध गराउनुपर्ने छ साथै कृषि उपजको बिक्री मूल्य सूचि सबैले देख्ने गरी राख्नुपर्नेछ ।

४०. **निर्देशिका संशोधन** : पोखरा महानगरपालिकाले आवश्यकता अनुसार यो निर्देशिका संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

४१. **प्रचलित कानुन बमोजिम हुने** : यस निर्देशिकामा भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।त

## अनुसूचि १

समितिले प्रयोग गर्ने लोगो तथा छापको नमुना

## अनुसूचि २

समितिले प्रयोग गर्ने लोगो तथा छापको नमुना

# अनुसूचि ४

भौतिक सम्पत्ति /सामाग्री

कृषि बजार व्यवस्थापन समिति............ नेपाल

(पोखरा महानगरपालिका बाट स्वीकृत)

कृषि बजार व्यवस्थापन समिति ............. ले प्रयोग गर्ने भौतिक सम्पत्ति/सामाग्रीहरुको बिवरण

| क.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# अनुसूचि ५

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि महाशाखा पोखरा, नेपाल

दर्ता नं.

बिषय :- कृषि बजारको दर्ता प्रमाण पत्र

कृषि वजार व्यवस्थापन निर्देशिका २०७७ को नियम १३(१) बमोजिम पोखरा महानगरपालिका वार्ड नं............को...........................मा मिति २०७.........⁄......⁄....... मा थोक ⁄संकलन केन्द्र ⁄किसान बजार⁄ को रुपमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

मितिः-
दर्ता गर्ने अधिकारी

# अनुसूचि ६

नविकरणको ढाँचा

| क.सं. | व्यवस्थापन समितिको नाम | दर्ता मिति | सदस्यता लिएको मिति | सदस्यता नविकरण गर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूचि ७

कृषि बजार व्यवस्थापन समिति र वजार उपयोगकर्ता बिच स्टल/ स्थान भाडा सम्बन्धि सम्झौता पत्रको नमुना कृषि बजार व्यवस्थापन समिति ...................... र श्री ........................ बिच स्टल/स्थान ................भाडा सम्बन्धि सूचना सम्झौता-पत्र ...........जिल्ला ...............महानगरपालिका वडा नं. ............अन्तर्गत..................मा अवस्थित कृषि उपज बजार स्थल ..............को संचालन व्यवस्थापनका लागि कृषि बजार व्यवस्थापन निर्देशिका २०७७ अनुसार गठित कृषि बजार व्यवस्थापन समिति (यस पछि यस सम्झौता पत्रमा "समिति" भनि सम्बोधन गरिने छ) र ...................जिल्ला .............. महानगरपालिका वडा नं. ...........बस्ने श्री ..................(यस पछि यस सम्झौता पत्रमा "व्यापारी" /"कृषक" भनि सम्बोधन गरिने छ) का बिच निम्नलिखित शर्तहरुको अधि( नमा रही स्टल /कोठा /स्थान भाडा लिने/ दिने कार्यका लागि दुवै पक्ष बिच सहमती भएकाले यो सम्झौता गरिएको छ।

### सम्झौताका शर्तहरु

१. समितिले ................. थोक/खुद्रा कृषक व्लकको .......... वर्गफिट क्षेत्रफल भएको ...............नं.को स्टल/ कोठा/ स्थान फलफुल/ तरकारी वा समितिद्धारा तोकिएको अन्य कृषि उपज/ बस्तु ...................... को कारोवार (खरिद बिक्री र भण्डारण) गर्ने प्रयोजनका लागि व्यापारी /कृषक लाई उपलव्ध गराउने छ।

२. व्यापारी /कृषक ले स्टल /कोठा /स्थान भाडा वापत मासिक रु ............(अक्षेरुपी ....................) समितिलाई बुझाउनु पर्ने छ।

३. व्यापारी /कृषकले बढीममा ६ महिनाको भाडा वरावरको एकमुष्ठ रकम अग्रीम धरौटीको रुपमा समितिको धरौटी खातामा जम्मा गरे पछि मात्र सम्झौता अनुसारको स्टल/ स्थान उपलव्ध गराईने छ। सो धरौटी रकम

व्यापारी/ कृषकले स्टल छाड्दाका बखतमा समिति र निज बिचको आर्थिक हिसाव फर -फारक भए पश्चात् समितिले निजलाई फिर्ता दिनेछ। तर उक्त रकममा कुनै किसिमको व्याज दिईने छैन।

४. व्यापारी /कृषकले समितिलाई तिर्नु पर्ने मासिक भाडा समितिद्धारा निर्धारित भुक्तानि तालिका अनुसार तिर्नेछ। जस अनुसार चालु महिनाको भाडा सोहि महिना भित्र तिरी सक्नु पर्ने छ। अर्को महिनाको ......गते देखि .......प्रतिशतका दरले हुने जरीवाना सहित मासिक भाडा बुझाउन सकिनेछ। सो समयभित्र पनि मासिक भाडा र जरीवना नवुझाएमा समितिले कुनै पनि बखत निज संग सम्झौता रद्ध गरी स्टल /स्थान सुबिधा खाली गराउन सक्ने छ। धरौटी भाडा तथा मासिक रुपमा बुझाउनु पर्ने रकम समितिले तोकेको बैक खातामा जम्मा गरी भौचर पेश गरी बैक मार्फत कारोवार गर्नु पर्ने छ। (समितिले व्यापारी /कृषकसंग पाउनु पर्ने बक्यौता भाडा तथा जरीवना रकम निजको धरौटीबाट कट्टि गरि लिनेछ)।

५.व्यापारी /कृषकले सम्झौता गरि लिएको स्टल/ स्थल सुबिधा आफुले मात्र प्रयोग गर्नु पर्ने छ। अन्य कसैलाई भाडामा लगाएको वा बेचबिखन गरेको पाईएमा समितिले निज संगको सम्झौता एकतर्फि रुपले रद्ध गरी त्यसरी अनियमित रुपमा /स्टल स्थल सुबिधा लिने/ दिने दुवैलाई भविष्यमा समेत बजारबाट प्रदान गरिने सुबिधाहरुबाट वन्चित गरिने छ। समितिले यस सम्झौता पत्रमा आबश्यकता अनुसार बुंदाहरु थपघट गर्न सक्ने छ।

६.व्यापारी /कृषकले समिति बाट उपलव्ध गराईने धारा,बिधुत,टेलिफोन,फ्याक्स जस्ता सुबिधाहरु निर्धारित शुल्क तिरेर उपभोग गर्न पाउनेछ। साथै समितिको सिफारीसमा व्यापारीले जडान गरेका निजी बिद्युत र टेलिफोन लाईनको हकमा प्रत्येक महिनाको महशुल तिरेको बिलको फोटोकपी सोही महिनाभित्र समि( तिको कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ।

७. व्यापारी /कृषकले आफ्नो कारोवार (खरिद -बिक्री माल ढुवानी सरसफाई अदि कार्य) समितिले तोकेको बजार संचालन कार्य तालिका (बजार खुल्ने,बन्द हुने,सरसफाई अदिको समय तालिका ) अनुसार गर्नु पर्नेछ ।

८.समितिद्धारा निर्धारित प्रवेश शुल्क तिरेका ढुवानी तथा सवारी साधनलाई मात्र बजार भित्र प्रवेश गर्न दिईनेछ ।

९.आफ्नो स्टल /कोठा /स्थान र सोको वरिपरिको भागको सरसफाईको जिम्मेवारी व्यापारी कृषक/ स्वयंको हुनेछ । साथै सडे गलेका फलफुल,तरकारी,प्याकिंग सामाग्री तथा त्यस्तै अन्य फोहोर पदार्थहरु समितिद्धारा निर्धारित स्थान /कन्टेनरमै फ्याक्नु पर्नेछ ।

१०. व्यापारी /कृषकहरुले आफुले प्रयोग गर्ने स्टल/ कोठा /स्थान वा वजार क्षेत्र भित्रको कुनै पनि स्थान/ संरचनामा समितिको लिखित सहमति बिना कुनै किसिमको हेरफेर(निर्माण,मर्मत वा स्वरुप परिवर्तन आदि )गर्न पाउने छैन ।

११. व्यापारी /कृषकहरुले आफु र निजको कर्मचारी वा निजको कारोवारसंग प्रत्यक्ष सम्वद्ध अन्य कुनै व्यक्तिले वजार हाता भित्र कुनै किसिमको गैर कानूनी उच्छृंखल, असामाजिक वा समितिद्धारा निषेधित क्रियाकलाप गर्ने /गर्न दिने छैन ।

१२. व्यापारी /कृषक वा निजको कर्मचारी वा निजको कारोवारसंग सम्वद्ध अन्य व्यक्ति तथा ढुवानी साधनद्धारा जानाजान वा असाबधानीबश् वजार वा समितिको कुनै हानी-नोक्सानी भएमा समितिले व्यापारी/ कृषकसंग सोको क्षतीपुर्ति भराउन सक्नेछ । साथै त्यस्तो हानी-नोक्सानीको कानुनी दायित्व समेत व्यापारी/ कृषक स्वयंको हुनेछ ।

१३. व्यापारी/कृषक वा निजको सहायक कर्मचारीले कारोवार स्थल वा शटरमा बस्दा समितिले तोकेको पोशाक र परिचय- पत्र सहित बस्नु पर्ने छ ।

१४. यस सम्झौता-पत्रमा उल्लेखित शर्त प्रावधानहरुको हकमा यसै अनुसार र सो बाहेकका हकमा समितिको वजार संचालन सम्बन्धि कार्यबिधि कृषि बजार बिकास तथा व्यवस्थापन निर्देशिका २०७७ तथा प्रचलित ऐन नियमबमोजिम हुनेछन् ।

१५.यस सम्झौताका सम्पुर्ण बुंदा र शर्तहरु सम्बन्धित दुवै पक्षका लागि समान रुपमा मान्य र बन्धनकारी हुनेछन् ।

१६.यो सम्झौता मिति ......... देखि लागु भै मिति ......... सम्म मान्य रहनेछ, यसमा दुवै पक्षको आपसी सहमतीमा म्याद थप वा नवीकरण वा शंशोधन गर्न सकिनेछ ।

१७. यस सम्झौतामा उल्लेख गरिएका बिषयहरुका अतिरिक्त अन्य कुनै बिषयमा बिवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिको आधारमा व्यवस्थापन गर्न सकिनेछ ।

सम्झौतामा सही छाप गर्ने

समितिको तर्फवाटव्यापारी कृषकको तर्फवाट

| | |
|---|---|
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| ठेगाना :- | ठेगाना :- |
| दस्तखत :- | दस्तखत :- |

साक्षी

| | | |
|---|---|---|
| नाम :- | नाम :- | नाम :- |
| ठेगाना :- | ठेगाना :- | ठेगाना :- |
| दस्तखत :- | दस्तखत :- | दस्तखत :- |
| सम्पर्क नम्बर :- | सम्पर्क नम्बर :- | सम्पर्क नम्बर |

ईति सम्वत् .....................साल .....................महिना............गते ............रोज शुभम् ।

# अनुसूचि ८

कृषि बजार स्थल ..............को व्यवस्था तथा संचालनको लागि कृषि बजार व्यवस्थापन समिति तथा पोखरा महानगरपालिका विच भएको

## सम्झौता -पत्र

खुला तथा बजारमुखी अर्थतन्त्र र मुलुकमा कृषि पेशाको संलग्नताबाट आय आर्जन बढाउन तथा व्यापार क्षेत्रमा संलग्न निकाय र उपभोक्ता वर्गलाई नियमित रुपमा सुलभ आपुर्ति व्यवस्था मिलाउन पोखरा महानगरपालिका क्षेत्र भित्ररहेका महत्वपुर्ण क्षेत्रमा तरकारी,तेलहन,दलहन,मसलावाली,माछा,मासु जस्ता बस्तुको वजार संचालन पोखरा महानगरपालिका र निजी संस्थाहरुको छाता संगठन,सहकारी तथा निजी संघ संस्थाहरुसंगको सहकार्यबाट गर्न सकेमा मात्र खुला तथा बजारमुखी बिकेन्द्रीत अर्थतन्त्रको बिकास हुन सम्भव हुन्छ। यस प्रकृयामा पोखरा महानगरपालिकाको प्रमुख दायित्व भएको हुंदा उल्लेखित प्रयोजनको लागि यसै साथ संलग्न कृषि बजार व्यवस्थापन निर्देशिका २०७७ बमोजिम गठित कृषि बजार व्यवस्थापन समिति ............. बीच यो सम्झौता गरिएको छ। यस सम्झौता पत्रमा उल्लेखित तपसिलका सवै बुंदा तथा शर्तहरु हामि दुवै लाई मान्य हुनेछन् र सोहि अनुसार पालना गरिनेछ।

१. कृषि बजार व्यवस्थापन निर्देशिका २०७७ अन्तर्गत व्यवस्था भएका नियमहरु दुवै पक्षलाई मान्य हुनेछ।

२. समितिको गठन तथा कार्यन्वयन (१) निर्देशिका बमोजिम मिति ............ गते गठित कृषि बजार व्यवस्थापन समिति ........................मा तपशिल अनुसारको सदस्य रहेका छन्। निर्देशिकाको परिधि भित्र रही थप,घट,अदल वदल वा पुनर्गठन भएको खण्डमा समेत समिति कार्यान्वयन भएको मानिने छ।

कृषि बजार व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरुको नामावली

| क.सं. | नाम/थर | पद | सम्पर्क नं. | प्रतिनिधित्व गर्ने संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| | जम्मा ............. | .........जना | | | |

३. पोखरा महानगरपालिकाले कृषि बजारको व्यवस्था र संचालनको लागि छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा पोखरा महानगरपालिकाले यो सम्झौता भंग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो स्वामित्वमा लिई छुट्टै तरिकाले प्रयोगको व्यवस्था मिलाउन सक्नेछ ।

**मिति : २०७७ कार्तिक ०४ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**